# National News

July 1st, 2025

Tuesday

प्रमुख समाचार:

१. केन्द्रीय मन्त्रिपरिषदद्वारा आज देशमा रोजगारीसँग सम्बन्धित प्रोत्साहन योजनालगायत विभिन्न योजनाहरू स्वीकृत

२. डिजिटल इन्डियाले आज दश वर्ष पूरा गर्दै, यो अभियान अब एक जनआन्दोलन बनेको प्रधानमन्त्री नरेन्द्र मोदीको भनाइ

३. अमेरिकाद्वारा भारतलाई हिन्द-प्रशान्त क्षेत्रमा रणनीतिक साझेदारको रूपमा एक महत्त्वपूर्ण देशको रूपमा वर्णन

४. पञ्जाबका छ वर्षीय तेगबीर सिंह माउन्ट एल्ब्रस चढ्ने सबैभन्दा कान्छो पर्वतारोही बन्न सफल

५. महिला क्रिकेटमा, भारतले आज राति ब्रिस्टलमा दोस्रो टी-२० अन्तर्राष्ट्रिय खेलमा इङ्गल्याण्डसँग खेल्ने

## Cabinet Briefing

केन्द्रीय मन्त्रिपरिषद्ले आज देशमा रोजगारी सिर्जनालाई बढावा दिने उद्देश्यले लगभग १ लाख करोड रुपैयाँको रोजगारीसँग सम्बन्धित प्रोत्साहन योजनालाई मञ्जुरी दिएको छ। यो योजनाले दुई वर्षको अवधिमा देशमा साढे तीन करोडभन्दा बढी रोजगारी सिर्जना गर्न प्रोत्साहित गर्ने लक्ष्य राखेको छ। यीमध्ये एक करोड ९२ लाख लाभार्थीहरू पहिलो पटक नियुक्त हुनेहरू हुनेछन्। यो योजना अगस्ट १, २०२५ देखि जुलाई ३१, २०२७ सम्म सिर्जना भएका रोजगारीहरूमा लागू हुनेछ। श्री वैष्णवले जानकारी दिनुभएअनुसार राष्ट्रिय खेलकुद नीति २०२५ लाई देशको खेलकुद परिदृश्यलाई रूपान्तरण गर्न र नागरिकहरूलाई खेलकुद गतिविधिहरूमा सशक्त बनाउन पनि स्वीकृत गरिएको छ। उहाँले भन्नुभयो, यो नीतिको उद्देश्य भारतलाई विश्वका शीर्ष पाँच खेलकुद राष्ट्रहरू मध्ये एक बनाउनु हो। केन्द्रीय मन्त्रिपरिषद्ले तमिलनाडुमा १,८५३ करोड रुपैयाँको लागतमा चार लेनको परमकुडी-रामनाथपुरम खण्डको

निर्माणलाई पनि स्वीकृत गरेको सूचना तथा प्रसारण मन्त्रीले जानकारी दिनुभएको छ। यसले रामेश्वरम र धनुषकोडी जस्ता क्षेत्रहरूमा पर्यटनलाई प्रवर्द्धन गर्नेछ।

## Digital India 10 Years

आज डिजिटल इन्डियाको १० वर्ष पूरा भएको छ। डिजिटल इन्डियाले देशका आम नागरिकहरूलाई प्रविधिसँग जोडेको छ, जसले गर्दा मानिसहरूको जीवन सहज भएको छ।

## Digital India - PM

प्रधानमन्त्री नरेन्द्र मोदीले डिजिटल इन्डिया एक जनआन्दोलन बनेको र यसले आत्मनिर्भर भारत निर्माण गर्न र भारतलाई विश्वको लागि एक भरपर्दो नवप्रवर्तन साझेदार बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभएको छ। डिजिटल इन्डिया कार्यक्रमको दश वर्ष पूरा भएको अवसरमा एक ब्लगमा उहाँले भन्नुभयो,  भारत डिजिटल शासनबाट विश्वव्यापी डिजिटल नेतृत्वमा सर्दैछ।

## President- Gorakhpur

राष्ट्रपति द्रौपदी मुर्मुले आज उत्तर प्रदेशको गोरखपुरमा गुरु गोरखनाथ आयुष विश्वविद्यालयको उद्घाटन गर्नुभयो। राष्ट्रपतिले भन्नुभयो, यो संस्थान सम्पूर्ण देशको लागि धेरै महत्त्वपूर्ण हुनेछ। राष्ट्रपति मुर्मुले भन्‍नुभयो, भारतमा योग र स्वास्थ्य संरक्षण गर्ने परम्परा प्राचीन छ। उहाँले २०४७ सम्ममा देशलाई विकसित बनाउन यो परम्परालाई अगाडि बढाउनुपर्ने आवश्यकतामा जोड दिँदै भन्नुभयो।

## CAT- Bangalore Stampede

केन्द्रीय प्रशासनिक न्यायाधिकरण-CAT ले आज वरिष्ठ भारतीय प्रहरी सेवा अधिकारी विकास कुमारको निलम्बन आदेश खारेज गरेको छ। कर्नाटक सरकारले गत महिना बेंगलोरमा भएको भागदौडको सम्बन्धमा उहाँलाई निलम्बन गरेको थियो। भागदौडको सम्बन्धमा निलम्बित पाँच अधिकारीहरूमध्ये एक श्री कुमारले राज्य सरकारको निर्णयलाई न्यायाधिकरणमा चुनौती दिएका थिए। उल्लेख्य, गत महिना आईपीएल क्रिकेट प्रतियोगितामा रोयल च्यालेन्जर्स बैंगलोरको विजय उत्सवको क्रममा बैंगलोरको एम. चिन्नास्वामी रंगशाला बाहिर भागदौड मच्चिँदा ११ जनाको मृत्यु भएको थियो।

## India – Pakistan Prisoners

भारत र पाकिस्तानले आज एकअर्काको जेलमा रहेका नागरिकहरूको सूची सार्वजनिक गरेका छन्। विदेश मन्त्रालयका अनुसार, ३८२ पाकिस्तानी नागरिक र ८१ मछुवाहरू भारतीय जेलमा छन्। अर्कोतर्फ, पाकिस्तानले आफ्नो हिरासतमा रहेका ५३ भारतीय नागरिक र १९३ मछुवाहरूको नाम साझा गरेको छ। भारतले पाकिस्तानको हिरासतबाट नागरिक, मछुवाहरू र उनीहरूका डुङ्गाहरू र बेपत्ता भारतीय रक्षा कर्मचारीहरूको छिट्टै रिहाइ र स्वदेश फिर्ताको लागि आह्वान गरेको छ।

## US – Indo Pacific

अमेरिकाले भारतलाई हिन्द-प्रशान्त क्षेत्रमा रणनीतिक साझेदारको रूपमा एक महत्त्वपूर्ण देशको रूपमा वर्णन गरेको छ। भारत र अमेरिका बीच लामो समयदेखि प्रतीक्षित व्यापार सम्झौताको घोषणा हुन लागेको छ। ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले सञ्चारकर्मीसँगको कुराकानीमा भारतको भूमिकाको प्रशंसा गर्नुभयो र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रधानमन्त्री नरेन्द्र मोदी बीचको बलियो व्यक्तिगत सम्बन्धलाई पनि प्रकाश पार्नुभयो। प्रेस सचिव क्यारोलिन लेविटको टिप्पणी यस्तो समयमा आएको हो जुन बेला विदेशमन्त्री डा. एस. जयशंकर क्वाड विदेशमन्त्रीहरूको बैठकमा भाग लिन अमेरिकामा हुनुहुन्छ।

## Ashwini – Rail One App

रेलमन्त्री अश्विनी वैष्णवले आज रेलवन एप सुरु गर्नुभयो। यो सबै रेल यात्रु सेवाहरूको लागि एकल समाधान हो। नयाँ दिल्लीमा रेलवे सूचना केन्द्र प्रणालीको स्थापना दिवसमा उहाँले भन्नुभयो, रेलवे अधिकारीहरूको सम्पूर्ण ध्यान यात्रुहरूको सुरक्षामा हुनुपर्छ।

रेलवन एप एन्ड्रोइड प्ले र आईओएस एप स्टोरबाट डाउनलोड गर्न सकिन्छ।

## GST – Eight Years

आज देशमा वस्तु तथा सेवा कर - GST लागू भएको आठ वर्ष पूरा भएको छ। यो कर प्रणाली २०१७ मा देशमा आर्थिक एकीकरण र कर सुधारतर्फ एक प्रमुख परिवर्तनको रूपमा लागू गरिएको थियो। यसले भारतमा अप्रत्यक्ष करहरूको श्रृंखलालाई एकीकृत प्रणालीमा रूपान्तरण गरेको छ।

## Doctors' Day and CA Day

आज देशमा डाक्टर दिवस र चार्टर्ड एकाउन्टेन्ट दिवस मनाइँदैछ। प्रधानमन्त्री नरेन्द्र मोदीले यस अवसरमा सबै डाक्टर र चार्टर्ड एकाउन्टेन्टहरूलाई शुभकामना दिनुभएको छ।

## Sports News

अब खेल प्रसंगः अन्तर्राष्ट्रिय महिला टी-२० क्रिकेटमा भारत र इङ्ल्यान्डबीचको पाँच खेलको शृङ्खलाको दोस्रो खेल आज इङ्ल्यान्डको ब्रिस्टल काउन्टी ग्राउन्डमा खेलिनेछ। पञ्जाबका छ वर्षीय तेगबीर सिंह माउन्ट एल्ब्रस चढ्ने सबैभन्दा कान्छो पर्वतारोही बनेका छन्। यो रूस र युरोपको सबैभन्दा अग्लो हिमाल हो। यसको उचाइ ५ हजार ६४२ मिटर छ। यो विश्वको दशौं प्रमुख शिखर पनि हो। तेगबीरले जुन २० मा आफ्ना बुबा सुखिन्दरदीप सिंहसँग आरोहण सुरु गरेका थिए र जुन २८ मा एल्ब्रस चुचुरोमा पुगेका थिए। अघिल्लो विश्व रेकर्डमा महाराष्ट्रका वाघा कुशाग्राको नाम कान्छो पर्वतारोहीको रूपमा उल्लेख थियो। उनले गत वर्ष ७ वर्ष ३ महिनाको उमेरमा यो उपलब्धि हासिल गरेका थिए।